# बैंक खाता संचालन सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि सम्झौता

सबै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध गराउने नेपाल सरकारको निति बमोजिम **खडक नगरपालिकाको कार्यालय कल्याणपुर, सप्तरी** (यस पछि नगरपालिका भनिने) **श्री सृजना फाईनान्स कल्याणपुर शाखा, खडक न.पा.** यस पछि बैंक भनिने) बीच खडक नगरपालिका वडा नं. ६ देखि ११ सम्मका सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागी निम्न शर्तहरुको अधिनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

१. नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समुह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाणपत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं.(MIS बाट आउने १३ अंकको संकेत नं. ), ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण उल्लेख गरी बैंकलाई उपलब्ध गराउने छ ।

२. बैंकले नगरपालिकाबाट प्राप्त विवरण वमोजिम लाभग्राहीको नाममा शुन्य मौजदातमा बचत खाता खोल्ने छ ।

३. बैंकले पूर्ण अपाङ्गता भएका व्यक्तिको हकमा निजको संरक्षक समेतको नाममा संयुक्त बचत खाता खोलि कुनै एकको दस्तखतबाट खाता संचालन गर्ने व्यवस्था मिलाउनेछ ।

४. ५ बर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता संचालन हुने गरी बचत खाता खोलि दिने र आमा वा संरक्षकको दस्तखतबाट खाता संचालन गर्नेछ ।

५. बैंकले लाभग्राहीको खाता खोलिसकेपछि लागग्राहीको नाम (१३ अंकको संकेत नं.समेत) र खाता नं. नगरपालिकालाई उपलब्ध गराउने छ ।

६. नगरपालिकाले प्रत्येक लाभग्राहीको नाम, लक्षित समुह, खाता नं. र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

७. नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरी सो को बैंक स्टेटमेन्ट सहित बाँकी रकम भए सो समेत नगरपालिकालाई उपलब्ध गराउनुपर्छ ।

८. बैंक स्टेटमेन्टलाई भरपाई मानिने हुँदा नगरपालिकाले बैंकसंग स्टेटमेन्ट बाहेक थप भरपाई माग गर्ने छैन ।

९. तथ्यांक अदानप्रदान गर्दा संभव भए सम्म Online System बाट (Forward Feed /Reverse Feed प्रयोग गरी ) अदानप्रदान गरिनेछ ।

१०. कुनै लाभग्राहीको लागत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनेछ ।। सों को जानकारी प्राप्त भए पछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी नगरपालिकामा फिर्ता पठाउनेछ ।

११. एक आ.व. भित्र कत्ति पनि रकम नझिक्ने लाभग्राहीको खाता रोक्का गरी त्यसको विवरण बैंकले नगरपालिकालाई श्रावण मसान्त भित्र उपलब्ध गराउनेछ । प्राप्त विवरण जाँचबुझ गरी लगत कट्टा गर्ने वा खाता पुनः सुचारु गर्ने बारे नगरपालिकाले बैंकलाई १५ दिन भित्र जानकारी गराउने छ ।

१२. दुवै पक्षको सहमतिबाट लाभग्राहीलाई सहज ढंगबाट रकम उपलब्ध गराउन प्रयासहरु गरिनेछ ।

**नगरपालिका कार्यालयको तर्फ बाट**

नाम : श्री इन्द्र देव यादव
पद : प्रमुख प्रशासकीय अधिकृत
दस्तखत :
मिति :

**रोहवर**

श्री हेमायु हक - नगर प्रमुख
श्री यासमिन सुल्तान - नगर उप प्रमुख
श्री रामसेवक साह - लेखा प्रमुख
श्री मनोज कुमार साह - पञ्जिकरण शाखा प्रमुख -

**बैंकको तर्फ बाट**

नाम : श्री शंकर कुमार साह
पद : शाखा प्रवन्धक
दस्तखत :
मिति :
बैंकको छाप :

SRIJANA FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड